# कालीगण्डकी गाउँपालिका,स्याङ्जा

## गाउँ कार्यपालिकाको बैठक नं. ५४

(मिति २०८३ जेष्ठ ६)

गाउँ कार्यपालिकामा प्रस्तावको रुपमा पेश हुन आएका निम्न विषयहरुमा गाउँपालिकाका श्रद्धेय कार्यवाहक अध्यक्ष श्री सावित्रा कोईराला ज्यूको अध्यक्षता तथा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा छलफल भै सर्वसम्मतिमा देहायमै उल्लेख भए बमोजिम निर्णयहरु गरिएको छ ।

| दस्तखत | पदाधिकारी | गाउँपालिका/वडा नं | नाम,थर |
|---|---|---|---|
| | कार्यवाहक अध्यक्ष | गाउँपालिका | श्री सावित्रा कोईराला |
| | वडा अध्यक्ष | १ नं. | श्री कृष्ण बहादुर लामिछाने |
| | वडा अध्यक्ष | २ नं. | श्री खगिसरा आले |
| | वडा अध्यक्ष | ३ नं. | श्री देवेन्द्र कुमार थापा |
| | वडा अध्यक्ष | ४ नं. | श्री यादव प्रसाद पाण्डेय |
| | वडा अध्यक्ष | ५ नं. | श्री रुक बहादुर थापा |
| | वडा अध्यक्ष | ६ नं. | श्री सुन्दर प्रसाद अधिकारी |
| | वडा अध्यक्ष | ७ नं. | श्री उम प्रसाद भट्टराई |
| | कार्यपालिका सदस्य | | श्री हुमा देवी सार्की |
| | कार्यपालिका सदस्य | | श्री टिकीसरा भट्टराई |
| | कार्यपालिका सदस्य | | श्री दिपा सिंजाली |
| | कार्यपालिका सदस्य | | श्री रुपमाया राना |
| | कार्यपालिका सदस्य | | श्री लोक बहादुर सुनार |
| | कार्यपालिका सदस्य | | श्री प्रेम सिंह बोटे |
| | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका | भेषराज आचार्य |
| | अधिकृतस्तर छैटौं | गाउँपालिका | हिरामणी पाण्डे |
| | | | |
| | | | |
| | | | |

कालीगण्डकी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

बिर्घा स्याङ्जा

मिति २०८३/०२/०६

स्थान: वडा नं १ को कार्यालय, हटिया

गाउँकार्यपालिकाको १५ औं बैठकका प्रस्तावहरु

प्रस्ताव नं. १ पोषणमैत्री स्थानीय शासन युक्त वडा घोषणा सम्वन्धमा ।

प्रस्ताव नं. २ शिक्षकहरुलाई तालिममा पठाउने सम्वन्धमा ।

प्रस्ताव नं. ३ कार्ययोजना तथा प्रतिवेदन स्वीकृत गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. ४ बुटवल उ.म.न.पा सँगको सहलगानीको लागि योजना छनौट गर्ने सम्वन्धमा।

प्रस्ताव नं. ५ सडकको नाली सरसफाई तथा भल व्यवस्थान सम्वन्धमा ।

प्रस्ताव नं. ६ सार्वजनिक बाटो अध्यावधिक गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७ प्रज्ञा प्रतिष्ठानको कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं ८ क्रिकेट प्रतियोगितामा सहभागिताको खर्च भुक्तानी सम्वन्धमा ।

प्रस्ताव नं. ९ प्रधानमन्त्री रोजगार कार्यक्रमवाट साझेदारी गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. १० विविध ।

Bitra

कालीगण्डकी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

विर्घा स्याङ्जा

मिति २०८३/०२/०६

गाउँकार्यपालिकाको १५ औं बैठकका निर्णयहरु

निर्णय नं. १ पोषणमैत्री स्थानीय शासन अवलम्बन अन्तर्गत सम्पूर्ण सूचक, कागजात र प्रमाणहरु पूरा गर्ने वडाहरुलाई गाउँपालिकाबाट अनुगमन गरी NFLG युक्त वडा घोषणाका लागि अनुगमन गर्न जिल्ला समन्वय समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २ गाउँपालिकाको विद्यालयहरुमा कार्यान्वयन गर्न लागिएको खुशी पाठ्यक्रमको निर्माण तथा सञ्चालन सम्बन्धी विस्तृत अध्ययन गर्न तपसिलका चार जना शिक्षकहरुलाई अभुदय संस्थानले आयोजना गर्ने तालिमको लागि हापुर, उत्तरप्रदेश, भारत पठाउने निर्णय गरियो ।

१) रामप्रसाद पाण्डे - भगवती नमुना माध्यमिक विद्यालय

२) ठगविर राना — विरेन्द्र माध्यमिक विद्यालय

३) भिम थापा — आदर्श माध्यमिक विद्यालय

४) ज्ञान प्रसाद भट्टराई — मिर्मी आधारभूत विद्यालय

निर्णय नं. ३ गाउँपालिकाको पोषणमैत्री स्थानीय शासन अबलम्बनको लागि तयार पारिएको स्थानीय विपद तयारी योजना, २०८३, पोषण पार्शव चित्र, २०८३ र पोषण आवधिक लगानी योजना २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ बुटवल उपमहानगरपालिका सँग गरिएको भगिनी सम्बन्ध कार्यक्रमबाट यस गाउँपालिकालाई योजना कार्यान्वयन गर्न रु १० लाखको रकम विनियोजन भएको हुँदा कोसेली घर निर्माण गर्ने योजनाको लागि लागत इस्टिमेट तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ गाउँपालिका भित्र ठेक्का प्रकृयावाट निर्माणधिन सडकहरु बाहेक मुख्य र ठूला सडकहरुको नाली सरसफाई तथा भल व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** गाउँपालिका भित्रको तपसिल बमोजिमको पक्की बाटोहरुमा नापजाँच गरी कित्तानापी नक्सामा सार्वजनिक बाटो अध्यावधिक गर्ने निर्णय गरियो ।

मिर्मी — रिडी सडकको गहलाम वैघा खण्ड

रुद्रवेनी - गहलाम -मिर्मी सडकको रुद्रवेणी खण्डबाट सुरु गर्ने

**निर्णय नं. ७** कालीगण्डकी प्रज्ञा प्रतिष्ठानले सञ्चालन गर्न तयार गरेको वक्तृत्वकला प्रतियोगिता प्रस्तावको लागत अनुमान - रु ४२,०००/- लाई "कालीगण्डकी प्रज्ञा प्रतिष्ठान सञ्चालन व्यवस्थापन तथा विविध कार्यक्रम"बाट रकम विनियोजन हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** पुतलीबजार न पा १ मालेबगरमा मिति २०८२ माघ २ — १० गतेसम्म खुमा अर्याल फाउण्डेसनले आयोजना गरेको T - 20 क्रिकेट लिगमा सहभागी हुन कालीगण्डकी गाउँपालिका खेलाडीहरु सहित २२ जनाको टोलीको व्यवस्थापनमा लागेको खर्च रकम रु १ लाख ४३ हजारलाई कार्यक्रम खर्चबाट भुक्तानी हुने गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** तपसिलबमोजिमका योजनाहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रम र गाउँपालिको विपद् व्यवस्थापन कोष अथवा विपन्न नागरिकहरुलाका लागि आवास निर्माण बाट ५०/५० प्रतिशत साझेदारीमा रकम विनियोजन गर्ने निर्णय गरियो ।

१. पोखरीगैरा देखी देउराली जाने बाटो ढलान, वडा नं ६, रु २ लाख
२. जैपते - इलुङ्गा सडकमा वाल निर्माण, रु १ लाख
३. पूर्णकला दमाई, वडा नं ४, गौतम टोल - विपन्न आवास निर्माणका लागि रु ३ लाख ६० हजार ।
४. वेनी कुमारी वि.क. वडा नं. ३, देउराली - विपन्न आवास निर्माणका लागि रु २ लाख ९० हजार ।

**निर्णय नं. १०** तपसिलका नागरिकहरु / क्लबहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

१. जनजागरण युवा क्लब, वडा नं ३ — रु ३० हजार ।
२. भगवती जनकल्याण युवा क्लब, वडा नं. १ — रु ३० हजार ।
३. भुयार जनकल्याण युवा क्लब, वडा नं. १ — रु ३० हजार ।
४. स्व. श्यामकला घर्ती, वडा नं. ४ - काजक्रिया खर्चको लागि परिवारलाई रु १५ हजार ।